घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्सः
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बरुण यन्त्रः०८२-५६०४९९
www. ghorahimun.gov.np


मितिः २०७९/०५/१६

पत्र संख्याः २०७९/०८०

च.नं. ६५२

**विषयः औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने बारे जानकारी सम्बन्धमा ।**

श्री घोराही उपमहानगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरु

घोराही, दाङ।

उपर्युक्त सम्बन्धमा लुम्बिनी प्रदेश सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट जारी भएको सूचना अनुसार घोराही उपमहानगरपालिका क्षेत्रमा अवस्थित श्री सरस्वती माध्यमिक विद्यालय (काठेकोल) घोराही-१५, श्री माध्यमिक विद्यालय रझेना घोराही-१८, श्री कृष्णसेन इच्छुक बहु-प्राविधिक शिक्षालय र श्री पद्मोदय माध्यमिक विद्यालय, भरतपुर घोराही-१५ मा प्रदेश सरकारको स्विकृत वार्षिक कार्यक्रम अनुसार शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले संचालन गर्ने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा निःशुल्क प्रशिक्षण हुने भएकोले आवेदन दिनका लागि सम्बन्धित सबैलाई जानकारी गराई दिनुहुन अनुरोध छ। विस्तृत जानकारीको लागि प्रदेश सरकारबाट जारी भएको सूचना यसै साथ संलग्न गरिएको छ।

०७९/०५/१६

भीम बहादुर चौधरी
तथ्याङ्क अधिकृत

लुम्बिनी प्रदेश सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
लुम्बिनी प्रदेश
मुकाम:बुटवल

**औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा निःशुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना**

शिक्षा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, बुटवल, रुपन्देहीको आ.व. २०७९/८०को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्वारा संचालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा शैक्षिक सत्र २०७९/०८० मा भर्नाका लागि यस प्रदेश अन्तर्गत देहायका आंगिक, साझेदार तथा टेक्स (TECS) सामुदायिक विद्यालयहरूमा तपसिल बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा प्रशिक्षार्थी छनौट गरी निःशुल्क प्रशिक्षण प्रदान गरिने सम्बन्धी प्राविधिक तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७९ भाद्र २ गते सूचना प्रकाशित भइसकेको हुनाले सोहि अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल:**

१. **औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रम सञ्चालन हुने शिक्षण संस्थाहरू, शैक्षिक कार्यक्रम तथा कोटाको विवरण:**

| क्र.सं. | शिक्षण संस्थाको नाम र ठेगाना | औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रम | कोटा/संख्या |
|---|---|---|---|
| १ | श्री भेरी प्राविधिक शिक्षालय, नेपालगञ्ज उ.म.न.पा., बाँके | Pre-diploma in Automobile Engineering | ४० |
| २ | श्री माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर उ.म.न.पा., दाङ्ग | Pre-diploma in Information Technology | ३० |
| ३ | श्री सरस्वती माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Information Technology | ३० |
| ४ | श्री श्रीमाध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| ५ | श्री कृष्णसेन इच्छुक बहु-प्राविधिक शिक्षालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Hotel Management | ४० |
| ६ | श्री पब्लिक माध्यमिक विद्यालय, सियारी गा.पा., रूपन्देही | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| ७ | श्री शान्ति नमुना माध्यमिक विद्यालय, तिलोत्तमा, रुपन्देही | Pre-diploma in Mechanical Engineering | ४० |

शाखा अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ८ | श्री कोरिया नेपाल बहु-प्राविधिक शिक्षालय, तामनगर, रुपन्देही | Pre-diploma in Mechanical Engineering | ४० |
| ९ | श्री महाकवि देवकोटा माध्यमिक विद्यालय, सुनवल न.पा., नवलपरासी | Pre-diploma in Automobile Engineering | ४० |
| १० | श्री त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर, बाँके | Pre-diploma in Information Technology | ४० |
| ११ | श्री पद्मोदय माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | Pre-diploma in Automobile Engineering | ४० |

२. न्युनतम शैक्षिक योग्यता: एस.एल.सी उतीर्ण वा एस.ई.ईमा न्युनतम ई ग्रेड प्राप्त,

३. उमेर तथा सक्षमता: कम्तीमा १६ बर्ष पुगेका र सम्बन्धित बिषयमा काम गर्न शारीरिक तथा मानसीक रुपमा सक्षम नेपाली नागरिक हुनु पर्ने,

४. आवेदन फाराम बुझाउने अन्तिम मिति: २०७९ भाद्र २१ गते,

५. प्रवेश परिक्षा मिति: २०७९ भाद्र २५ गते।

औद्योगिक प्रशिक्षार्थी तालीम(Apprenticeship) कार्यक्रममा भर्ना हुन चाहने प्रशिक्षार्थीहरुले कार्यक्रम सञ्चालन गर्ने प्राविधिक तथा व्यावसायिक तालीम परिषद्द्वारा अनुमति प्राप्त लुम्बिनी प्रदेश अन्तर्गतका सम्बन्धित शिक्षण संस्थाहरूमा सम्पर्क गर्न हुन अनुरोध छ। विस्तृत जानकारीका लागि प्राविधिक तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७९ भाद्र २ गते प्रकाशित औद्योगिक प्रशिक्षार्थी तालीम(Apprenticeship) कार्यक्रममा नि:शुल्क प्रशिक्षणका लागि आवेदन फाराम भर्ने सम्बन्धी सूचना www.ctevtexam.org.np वा https://www.enssure.org.np मार्फत हेर्न सकिने छ।

Scanned with CamScanner